भेरीगंगा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०६ संख्याः ११ मितिः २०८०/१०/२४ गते**

**भाग–२**

## भेरीगंगा नगरपालिका

## दिसाजन्य लेदो ब्यबस्थापन बिनियम, २०८०

कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८०।१०।२१

**प्रस्तावनाः** नेपालको संविधानले निर्दिष्ट गरेको प्रत्येक नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने एवं सुरक्षित खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने अधिकारको संरक्षण र परिपालनाको सुनिश्चितताका साथै नगरवासीलाई सफा, सुरक्षित तथा दिगो रूपमा दिसाजन्य लेदो व्यवस्थापनको सेवालाई व्यवहारिक रूपमा सुनिश्चिता दिनका लागि यस नगरपालिकाद्वारा तर्जुमा गरिएको सरसफाई तथा फोहोरमैला व्यवस्थापन निर्देशिका २०७९ लाई कार्यशील बनाउँदै समुदायहरूलाई पूर्ण सरसफाई उन्मुख अवस्थातर्फ अघि बढाउने कार्यलाई प्रवर्द्धन गर्दै नेपाल सरकार तथा दिगो विकास लक्ष्यले निर्दिष्ट गरेको पूर्ण सरसफाईको लक्ष्य हासिल गर्ने कार्यमा योगदान गर्न वाञ्छनीय भएकाले भेरीगङ्गा नगरपालिकाले सरसफाई तथा फोहोरमैला व्यवस्थापन निर्देशिका २०७९ को नियम ३४ ले दिएको अधिकार प्रयोग गरी मिति २०८०।१०।२१ को नगर कार्यपालिका बैठकले यो दिसाजन्य लेदो व्यवस्थापन विनियम २०८० तर्जुमा गरी लागु गरेको छ ।

## परिच्छेद एक
## प्रारम्भिक

**१. संक्षिप्त नाम, प्रारम्भ, क्षेत्र र परिभाषा :**

(क) नामः यो विनियमको नाम "दिसाजन्य लेदो व्यवस्थापन विनियम, २०८०" रहेको छ ।

(ख) प्रारम्भः कार्यपालिकाको स्वीकृतिपछि नगरपालिकाका सबै वडामा यो विनियम प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा :

(क) "घर" भन्नाले कुनै व्यक्तिको स्वामित्वमा रहेको भवन वा भवनको तला वा कोठा वा भवनको कुनै एकाइलाई सम्झनुपर्छ र सो शब्दले पसल, वर्कसप, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना वा जग्गा समेत भन्ने बुझ्नुपर्छ ।

(ख) "घरधनी" भन्नाले नगरपालिकाभित्र निर्मित भवन वा भवनको तला वा कोठा वा भवनको कुनै एकाइ, पसल, वर्कसप, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना वा जग्गाको स्वामित्व ग्रहण गरेको व्यक्ति वा संस्था भन्ने बुझ्नुपर्छ ।

(ग) "ढल" भन्नाले प्रयोग गरेर बढी भएको वा फोहोर पानीलाई व्यवस्थित किसिमले सङ्कलन गरी त्यसको निकासको लागि भूमिगत वा खुल्ला रूपमा बनाइएका संरचना वा यसै प्रयोजनका लागि बिछ्याइएका पाइप वा लेदो सहितको पानी बग्ने संरचना भन्ने बुझ्नुपर्दछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले प्रचलित कानुन वा यो विनियमले निर्धारण गरेका मापदण्ड, निर्देशिका वा निर्देशनमा तोकिए बमोजिमको व्यवस्था भन्ने बुझ्नुपर्दछ ।

(ङ) "दिसाजन्य लेदो" भन्नालेः मानिसको दिसा पिसाब लगायतको फोहोर पानीको तरल, अर्ध ठोस र ठोस अवस्था भन्ने बुझ्नुपर्दछ । जसमा मानिसको दिसा पिसाबका साथै दिसा बगाउन, दिसा धुन एवम् चर्पी सफा गर्न प्रयोग हुने पानी वा पदार्थ र अन्य फोहोरमैला वा फोहोर पानी समेत भन्ने बुझ्नुपर्दछ ।

(च) "दिसाजन्य लेदो व्यवस्थापन" भन्नाले दिसाजन्य लेदो संकलन गर्ने, संकलित लेदोलाई तोकिएको विधि अनुसार रित्याउने, त्यसरी रित्याएर







सक्सन ट्याङ्करमा जम्मा गरिएको लेदोलाई प्रशोधन केन्द्रसम्म ढुवानी गर्ने, त्यसको प्रशोधन गर्ने, र सुरक्षित विसर्जन वा पुनःप्रयोग गर्नेसम्म समग्र शृङ्खलागत कार्य भन्ने बुझ्नुपर्दछ ।

(छ) "दिसाजन्य लेदो प्रशोधन केन्द्र" भन्नाले दिसाजन्य लेदो प्रशोधन वा पुनःप्रयोग वा सुरक्षित विसर्जनका लागि आवश्यक विधि र प्रविधि जडित संरचना वा प्रणाली भन्ने बुझ्नुपर्दछ ।

(ज) "नगरपालिका" भन्नाले भेरीगङ्गा नगरपालिका भन्ने बुझ्नुपर्दछ ।

(झ) "नगर उपप्रमुख" भन्नाले भेरीगङ्गा नगरपालिकाका उपप्रमुख भन्ने बुझ्नुपर्दछ ।

(ञ) "नगर प्रमुख" भन्नाले भेरीगङ्गा नगरपालिकाका प्रमुख भन्ने बुझ्नुपर्दछ ।

(ट) "निवेदक" भन्नाले सेवा सञ्चालनको सरसफाइ सेवा प्रदायक कम्पनी स्थापना गरी उक्त कम्पनीको शेयरधनी वा सञ्चालक हुन इच्छुक व्यक्ति सम्झनुपर्दछ ।

(ठ) "प्रदूषण" भन्नाले फोहोरमैलाबाट निस्कने ठोस, तरल वा ग्यासको कारणबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले नकारात्मक प्रभाव परी वातावरणको स्वच्छतामा ह्रास ल्याउने, क्षति पुऱ्याउने अवस्था वा क्रियाकलाप भन्ने बुझ्नुपर्दछ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भेरीगङ्गा नगरपालिकाको प्रशासन हेर्नका लागि तोकिएको प्रमुख कर्मचारी भन्ने बुझ्नुपर्दछ ।

(ढ) "प्रशोधित फोहोर पानी" भन्नाले प्रशोधन केन्द्रबाट निःसृत हुने पूर्ण वा आंशिक प्रशोधित फोहोर पानी भन्ने बुझ्नुपर्दछ ।

(ण) "फोहोर पानी" भन्नाले मानव, पशु वा वनस्पतिजन्य फोहोर, विषादी र रसायनहरूसमेत मिसिएको तरल अवस्थाको फोहोर भन्ने बुझ्नुपर्दछ ।

(त) "फोहोरमैला" वा "फोहोर" भन्नाले घर, उद्योगधन्दा, स्वास्थ्य संस्था, सार्वजनिक सरोकारका भवन तथा स्थान, अन्य सार्वजनिक ठाउँबाट उत्पादित तथा निःसृत ठोस, अर्धठोस वा तरल पदार्थ भन्ने बुझ्नुपर्दछ ।

(थ) "भौतिक पूर्वाधार" भन्नाले दिसाजन्य लेदो व्यवस्थापन कार्यमा उपयोग हुने चल वा अचल वस्तु वा सम्पत्ति भन्ने बुझ्नुपर्छ ।

(द) "मापदण्ड बमोजिमको चर्पी" भन्नाले निजी आवास, कार्यालय, सार्वजनिक संस्था, होटल, रेष्टुरेन्ट वा अन्य संरचनामा मानिसको दिसापिसाबलाई विसर्जन गर्नका लागि सरसफाइ गुरुयोजना २०६८ ले तोकेको ढाँचामा तयार गरिएको चर्पी भन्ने बुझ्नुपर्दछ ।

(ध) “वडा अध्यक्ष” भन्नाले भेरीगङ्गा नगरपालिका अन्तर्गतका वडा समितिका अध्यक्ष भन्ने बुझ्नुपर्दछ ।

(न) “विसर्जन” भन्नाले फोहोरमैलाको अन्तिम निष्काशन वा व्यवस्थापन कार्य भन्ने बुझ्नुपर्दछ ।

(प) “सरसफाई सेवा प्रदायक” भन्नाले सेप्टिक ट्याङ्क बनाउन, सेप्टिक ट्याङ्क सफा गर्न, दिसाजन्य लेदोलाई प्रशोधन केन्द्रसम्म ढुवानी सेवा प्रदान गर्न वा दिसाजन्य लेदो प्रशोधन केन्द्र सञ्चालन गर्नका लागि नगरपालिकाबाट विधिवत् रूपमा इजाजत पाएको संस्था बुझ्नुपर्दछ ।

(फ) “सरसफाइ सेवा शृङ्खला” भन्नाले दिसाजन्य लेदोको व्यवस्थित संकलन, भण्डारण, ढुवानी, प्रशोधन र सुरक्षित विसर्जन वा पुनःप्रयोग गर्न अपनाइने सम्पूर्ण प्रक्रिया भन्ने बुझ्नुपर्दछ ।

(ब) “सवारी साधन” भन्नाले दिसाजन्य लेदो व्यवस्थापन कार्यमा उपयोग हुने भ्याकुम पम्प जडित ट्याङ्कर, ट्याक्ट्र, ट्रक, टीप्पर जस्ता वाहनहरू भन्ने बुझ्नुपर्छ ।

(भ) “सेप्टेज” भन्नाले उपदफा (ख) मा परिभाषित सेप्टिक ट्याङ्कमा संकलित दिसाजन्य लेदो भन्ने बुझ्नुपर्दछ ।

(म) “सेप्टिक ट्याङ्क” भन्नाले दिसाजन्य लेदोको कुनै पनि प्रकार (ठोस, अर्ध ठोस, तरल, ग्यास वा गन्ध) लाई बाहिरी वातावरणको सम्पर्कमा आउन नदिनका लागि तोकिएबमोजिमको ढाँचामा बनाइएको संरचना भन्ने बुझ्नुपर्छ ।

(य) “सेवाग्राही” भन्नाले दिसापिसाबजन्य फोहोर व्यवस्थापनको सेवा प्राप्त गर्ने व्यक्ति, संस्था वा निकाय भन्ने बुझ्नुपर्दछ ।

## परिच्छेद दुई
## कार्यक्षेत्र

**३. यो विनियम भेरीगङ्गा नगरपालिकाका सबै वडामा लागू हुनेछ ।**

(क) यसले नगरपालिकाभित्रका सबै प्रकारका भवनहरूलाई समेट्नेछ ।

(ख) यो विनियमले नगरपालिकाभित्र उत्पादन हुने दिसाजन्य लेदो बाहेक अन्य प्रकारका फोहोरको व्यवस्थापनलाई समेट्ने छैन ।







## परिच्छेद तीन
## दिसाजन्य लेदो व्यवस्थापनको सिद्धान्त तथा प्रविधि

**४. दिसाजन्य लेदो व्यवस्थापनका सिद्धान्तहरू:**

(क) नगरपालिकाले नगरपालिकास्तरीय सरसफाइका सिद्धान्त अवलम्बन गर्नेछ, जस अनुसार प्रत्येक नगरवासीले सुरक्षित स्तरको सरसफाइ र स्वच्छताको व्यवहारिक अभ्यास तथा सरसफाइ सेवा शृङ्खलाको आवश्यकता र महत्वबारे थाहा पाउनेछन्, जस अन्तर्गत देहायबमोजिमका विषयवस्तुलाई समेटिनेछ :

अ. नगर क्षेत्रभित्रका आवासीय, व्यवसायिक, औद्योगिक, शैक्षिक, सरकारी र सार्वजनिक संस्थाहरूको परिसरभित्र नगरपालिकाद्वारा तोकिए बमोजिमको चर्पी तथा सेप्टिक ट्याङ्को व्यवस्था गर्नुपर्नेछ.

आ. सेप्टिक ट्याङ्कमा दिसाजन्य लेदो भरिनु अगावै उपयुक्त प्रक्रिया अपनाएर त्यसलाई रित्याएर सफा गरी पुनः उपयोगका लागि तयार गर्नुपर्नेछ,

इ. दिसाजन्य लेदोलाई समग्र सरसफाइ सेवा शृङ्खला अन्तर्गत व्यवस्थापन गरी उत्पादित अवशिष्ट (प्राङ्गारिक मल) को उचित पुनःप्रयोग तथा पुनः प्रयोगमा नआउने वस्तुको सुरक्षित र सदुपयोगपूर्ण विसर्जनलाई प्राथमिकता दिइनेछ । सरसफाइ सेवा शृङ्खलाको चित्रात्मक विवरण अनुसूची १ मा दिइएको छ ।

ई. समुदाय, औद्योगिक तथा व्यापारिक/व्यवसायिक क्षेत्र, संस्थागत र सार्वजनिक सरोकारका सरकारी तथा अन्य संघ-संस्थाहरूबाट निःसृत दिसाजन्य लेदोलाई प्रशोधन बिना ढल, नदीनाला वा अन्यत्र मिसाइएको पाइएमा सम्बन्धित पक्षलाई कानुनी कारवाही गरिनेछ ।

उ. नगरपालिका स्तरीय सरसफाइ योजना कार्यान्वयनका लागि नगर पालिकाले यस क्षेत्रमा विज्ञता हासिल गरेका निकायसँग समन्वय गर्नुपर्नेछ ।

ऊ. नगरपालिकाले आफ्नो सीमाभित्र पूर्ण सरसफाइ उन्मुख कार्यक्रम सञ्चालन गर्ने कुनैपनि संघसंस्था, निकाय, शाखा वा कार्यक्रमलाई “दिसाजन्य लेदो व्यवस्थापन” लाई आफ्नो कार्यक्रमको अभिन्न अङ्गका रूपमा लिई समन्वययात्मक किसिमले काम गर्न निर्देशन दिनेछ । जसले गर्दा काममा दोहोरोपन हुने संभावना हट्नेछ ।

## परिच्छेद चार

## दिसाजन्य लेदो व्यवस्थापन स्थल सम्बन्धि व्यवस्था

**५. दिसाजन्य लेदो व्यवस्थापन स्थल :**

(क) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रचलित कानुनको आधारमा दिसाजन्य लेदो व्यवस्थापन स्थल तोक्नेछ।

(ख) उपदफा (क) अनुसार दिसाजन्य लेदो व्यवस्थापन स्थलका लागि नगर पालिकासँग आफ्नो निजी जग्गा नभएमा वा भएपनि दिसाजन्य लेदो व्यवस्थापनका लागि उपयुक्त नभएमा नरपालिकाले उपयुक्त ठाउँमा जग्गा खरीद गरेर वा भाडामा लिएर वा अन्य ब्यबस्था गरी यो काम गर्न सक्नेछ।

(ग) दिसाजन्य लेदो व्यवस्थापन स्थललाई “वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र” का रुपमा लिइनेछ। यस्तो क्षेत्र अनधिकृत मानिस तथा जीवजन्तु र पशुपन्छीको प्रवेश वर्जित हुनेछ।

(घ) दिसाजन्य लेदो व्यवस्थापन स्थलबाट कुनैपनि प्रकारको गन्ध तथा ठोस वा तरल पदार्थ बाहिर नजाने गरी आवश्यक व्यवस्था मिलाइनेछ।

## परिच्छेद पाँच

## दिसाजन्य लेदोको सुरक्षित भण्डारण सम्बन्धी व्यवस्था

**६. दिसाजन्य लेदोको भण्डारण सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ :**

(क) नगरक्षेत्रमा निर्माण हुने नयाँ भवन निर्माणका लागि नक्सा पास गर्न दिसाजन्य लेदो सङ्कलनका लागि अनुसूची २ अनुसारको सेप्टिक ट्याङ्कको डिजाइन संलग्न गरेको हुनुपर्नेछ। नगरपालिकाले उक्त भवनमा तोकिएको मापदण्ड बमोजिमको भण्डारण प्रविधि जडान भएको सुनिश्चित गरेर मात्र नक्सा पास गर्नुपर्नेछ र सेप्टिक ट्याङ्कको निर्माण मापदण्ड बमोजिम भएको खण्डमा मात्र सम्पन्नताको प्रमाणपत्र प्रदान गर्नुपर्नेछ।

(ख) सेवाग्राहीहरूले नक्सा पास नगरी बनाउन पाइने संरचनाहरूका लागि बनाइने चर्पी र सेप्टिक ट्याङ्कहरू पनि नगरपालिकाबाट मापदण्ड बमोजिमको भएको प्रमाणित गराउनुपर्नेछ।

(ग) मापदण्ड बमोजिमको सेप्टिक ट्याङ्कको विशेषता देहायबमोजिकको हुनुपर्नेछ।

अ. पानी नचुहिने (Water Seal) हुनुपर्दछ







आ. दुई खण्डे र न्यूनतम १.४ मिटर गहिरो हुनुपर्दछ

इ. सेप्टिक ट्यांकका साथै सोकपिट हुनुपर्दछ

ई. ट्यांकको साइज चर्पी प्रयोग गर्ने जनसंख्याको अनुपात अनुसार डिजाइन गरिएको हुनुपर्दछ

उ. सजिलो गरी रित्याउन सकिने गरी म्यानहोलको व्यवस्था गरिएको हुनुपर्दछ।

मापदण्डबमोजिमको सेप्टिकट्याङ्कको आधारभूत विशेषताको पूर्ण विवरण अनुसूची २ मा दिइएकोछ।

**द्रष्टव्य :** यदि नगरपालिकाको भवन निर्माण निर्देशिकामा सेप्टिक ट्यांकको डिजाइन उल्लेख गरिएको छ भने सोही बमोजिम हुनुपर्दछ।

(घ) यो विनियम लागू भइसकेपछि देहायका अवस्थामा दिसाजन्य लेदो संकलन र भण्डारणका संरचनाहरूको सुधार, पुनः निर्माण वा स्तरोन्नति गर्नुपर्नेछ :

अ. नगरपालिकाभित्र कसैको चर्पी र सेप्टिक ट्याङ्क दिसाजन्य लेदो संकलनका दृष्टिले उपयुक्त नभएमा,

आ. विद्यमान संरचनाका कारणले वरपरको वातावरणमा प्रतिकुल असर पार्ने देखिएमा,

इ. विद्यमान संरचनाहरू बाढी, पहिरो, सडक निर्माण, भवन निर्माण वा अन्य कुनै प्राकृतिक र मानवीय कारणले निकट भविष्यमा क्षतिग्रस्त हुने देखिएमा,

ई. उक्त संरचना प्रयोग गर्ने भवन/घर/आवासको पुनः निर्माण गर्नुपरेमा वा साबिकको भन्दा ५० प्रतिशत बढी तला वा क्षेत्रफल थप गर्नुपरेमा,

उ. नगरपालिकाले अन्य कुनै मनासिब कारण फेला पारेमा तुरुन्त तिनको स्तरीकरण गर्नु गराउनुपर्नेछ। यदि कसैले यो कार्यमा अटेर गरेमा निजलाई नगरपालिकाले दिने सिफारिस लगायतका सुविधाबाट वञ्चित गर्न सकिने जानकारी दिई त्यसको कार्यान्वयन गर्नुपर्नेछ।

तर, अति विपन्न, सीमान्तकृत, भूमिहीन, एकल महिला, वृद्ध-वृद्धा वा नाबालक घरमुली भएका घरपरिवारका हकमा नगरपालिकाले आवश्यकताका आधारमा चर्पी र सेप्टिक ट्याङ्क निर्माण वा स्तरोन्नति गर्न सहयोग गर्न सक्नेछ।

## परिच्छेद छ
## दिसाजन्य लेदो सङ्कलन र ढुवानीसम्बन्धी व्यवस्था

**७. दिसाजन्य लेदो सङ्कलन र ढुवानीसम्बन्धी व्यवस्था देहायबमोजिम गर्नुपर्नेछ :**

(क) सेप्टिक ट्याङ्क लगायतका दिसाजन्य लेदोको भण्डारण स्थल दिसाजन्य लेदो रित्याउन, निरीक्षण गर्न र मर्मत सम्भार गर्न सहज किसिमले बनाइएको हुनुपर्छ र यी कार्यहरू गर्न यसमाथि कुनै पनि किसिमले व्यवधान पुऱ्याउने खालका संरचना निर्माण वा अवरोध पुऱ्याइएको हुनुहुँदैन ।

(ख) सेप्टिक ट्याङ्क लगायतका दिसाजन्य लेदोको भण्डारण स्थल रित्याउने काममा परम्परागत विधि अपनाउन पाइने छैन । यसका लागि भण्डारण स्थलबाट सुरक्षित किसिमले दिसाजन्य लेदो निकालेर प्रशोधन स्थलसम्म लैजानका लागि लेदो नचुहिने र गन्ध नआउने भ्याकुम पम्प जडित ट्याङ्कर लगायत आधुनिक यान्त्रिक विधिको प्रयोग गर्नुपर्दछ ।

(ग) सेप्टिक ट्याङ्कको आकार, जमिनको प्रकृति, प्रयोगकर्ताको संख्या जस्ता पक्षलाई मध्यनजर गरी प्रयोगकर्ताले कम्तिमा ३ वर्षको अवधिमा एक पटक सेप्टिक ट्याङ्क सफा गराउनुपर्नेछ । सोभन्दा छिटो सेप्टिक ट्याङ्क सफा गर्नुपरेमा यस प्रावधानले सेप्टिक ट्याङ्क सफा गर्न बन्देज लगाएको मानिने छैन ।

(घ) इजाजत प्राप्त सेवाप्रदायक वा नगरपालिकाले सङ्कलित दिसाजन्य लेदोलाई नगरपालिकाको प्रशोधन केन्द्रमा मात्र लगेर विसर्जन गर्नुपर्नेछ ।

(ङ) निषेधित क्षेत्रमा दिसाजन्य लेदो विसर्जन गरेको पाइएमा नगरपालिकाले कानुनबमोजिम सजाय गर्नेछ ।

(च) सेवाप्रदायकले सफाइकर्मीका लागि अनुसूची ३ मा दिइएबमोजिमको गुणस्तरीय व्यक्तिगत सुरक्षा उपकरणको व्यवस्था गर्नुपर्नेछ र उनीहरूको स्वास्थ्य र सुरक्षालाई प्राथमिकता दिनुपर्नेछ ।

## परिच्छेद सात
## दिसाजन्य लेदोको प्रशोधन, पुनः प्रयोग र अवशिष्टहरूको विसर्जन सम्बन्धी व्यवस्था :

**८. दिसाजन्य लेदोको प्रशोधन, पुनः** प्रयोग र अवशिष्टहरूको विसर्जन सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :







(क) प्रशोधन केन्द्रले प्रशोधन गरेको फोहोर पानी निष्काशन गर्दा नेपाल सरकारले निर्धारण गरेको फोहोर पानी विसर्जनसम्बन्धी मापदण्डभित्र रहने गरी गर्नुपर्नेछ । त्यसका लागि उपयुक्त प्रशोधन विधि र प्रविधि उपयोग गर्नुपर्नेछ ।

(ख) नगरपालिकाले नियमित रूपमा प्रशोधन केन्द्रको कार्यक्षमता र सञ्चालन प्रक्रियाका सम्बन्धमा जाँचबुझ गरी आवश्यकता अनुसार प्रशोधन केन्द्रको पुनर्मूल्याङ्कनका आधारमा मर्मतसम्भार गर्ने गराउनेछ ।

(ग) नगरपालिकाले प्रशोधन केन्द्रको सञ्चालन र प्रशोधित वस्तुको पुनःप्रयोग एवम् बजारीकरणका लागि कृषि सम्बद्ध सरकारी निकाय, निजी, सामुदायिक तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य एवम् साझेदारी गर्न सक्नेछ ।

(घ) प्रशोधनबाट निस्केको प्राङ्गारिक मल खेतीपाती, करेसाबारी, कौशी खेती, नर्सरी, वृक्षरोपण आदिमा, अन्य ठोस अवशिष्टहरूलाई सडक, तटबन्ध, भवन निर्माण लगायतका क्रियाकलापहरूमा तथा प्रशोधित तरल पदार्थलाई सिंचाईमा प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद आठ
## काम, कर्तव्य, अधिकार र दायित्व

**९. दिसाजन्य लेदो व्यवस्थापनका सरोकारवालाहरूको काम, कर्तव्य, अधिकार र दायित्व देहायबमोजिम हुनेछः**

(क) सेवाग्राहीहरूको काम, कर्तव्य, अधिकार र दायित्व : यो विनियम भेरीगंगा नगरपालिका क्षेत्र भित्र स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने तथा नगरपालिका अन्तर्गत भई आवतजावत गर्ने सबैले अनिवार्य रूपमा पालना गर्नुपर्नेछ । जस अन्तर्गत देहायबमोजिमका कार्यहरू पर्दछन् :

१. चर्पीमा मात्र दिसापिसाब गर्ने

२. सेप्टिक ट्याङ्कमा साबुन, फिनेल वा कुनै पनि प्रकारका रसायनहरू नमिसाउने

३. नयाँ घर, होटल वा सार्वजनिक प्रयोजनका घर बनाउँदा नगरपालिकाले पारित गरेको भवन संहिताबमोजिम मानिसको दिसापिसाब संकलन र विसर्जनको प्रबन्ध गर्न तोकिएको ढाँचामा चर्पी, सेप्टिक ट्याङ्क आदि बनाएर, त्यसको उपयोग गरेर मात्र सञ्चालन गर्ने,

४. यो विनियम लागू हुनुपूर्व बनेका चर्पी, सेप्टिक ट्याङ्क जस्ता संरचनाको नगरपालिकाले पारित गरेको भवन संहिताबमोजिम स्तरोन्नति गरेर मात्र प्रयोग गर्ने,

५. यो विनियमले व्यवस्था गरेबमोजिम नगरपालिकाद्वारा निर्धारित समयावधिमा आफ्नो सेप्टिक ट्याङ्क खाली गराउने र सो बापत लाग्ने शुल्क बुझाउने,

६. नगरपालिका क्षेत्रभित्र यदि कसैले खुला दिसापिसाब गरेमा, जथाभावी रूपमा दिसापिसाब निष्काशन वा विसर्जन गरेमा वा नगरपालिकाद्वारा तोकिएको समयावधिमा आफ्नो सेप्टिक ट्याङ्क खाली नगरी अटेर गरी बसेको पाइएमा सोको सूचना नगरपालिकालाई दिनुपर्नेछ, नगरपालिकाले सूचनादाताको परिचय गोप्य राख्नेछ ।

७. कसैले आफ्नो स्वामित्वमा रहेको घर, टहरा वा संरचनाको बिक्री वा अरुलाई स्वामित्व हन्तान्तरण गर्नु अघि उक्त घर, टहरावा संरचनामा यो विनियममा तोकिएबमोजिमको दिसाजन्य लेदोको व्यवस्थापन गर्नका लागि मापदण्ड बमोजिमको चर्पी, सेप्टिक ट्याङ्क जस्ता संरचना बनाउनुपर्नेछ ।

८. दिसाजन्य लेदो संकलन, ढुवानी, प्रशोधन र त्यसबाट निःसृत पदार्थको भण्डारण र व्यवस्थानमा कोही कसैले कुनैपनि प्रकारको अवरोध गर्न पाइने छैन ।

९. दिसाजन्य लेदो संकलन, ढुवानी कार्यमा संलग्न निजी वा नगरपालिकाका सेवा प्रदायकहरूलाई सबैले सहयोग गर्नुपर्नेछ ।

१०. दिसाजन्य लेदो व्यवस्थापनका सम्बन्धमा नगरपालिकाले जारी गर्ने अन्य नियम तथा निर्देशनहरूको पालना गर्नुपर्नेछ ।

(ख) नगरपालिकाको काम, कर्तव्य, अधिकार र दायित्व : यस नगर क्षेत्रभित्र प्रभावकारी रूपमा दिसाजन्य लेदो व्यवस्थापन गर्नका लागि नगरपालिकाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

१. दिसाजन्य लेदोको उचित व्यवस्थापनका सम्बन्धमा विभिन्न चरणमा सरोकारवालाहरूको सचेतना तथा क्षमता अभिवृद्धि तथा कार्यक्रम सञ्चालन गर्ने, जस अन्तर्गत देहायबमोजिमका क्रियाकलापहरू सञ्चालन गर्ने,







अ. नगरपालिकाका प्रत्येक वडाका महिला स्वास्थ्य स्वयंसेविकाहरू मार्फत प्रत्येक घरमा दिसाजन्य लेदो व्यवस्थापनको आवश्यकता, महत्व र यस सम्बन्धमा नगरपालिकाले गरिरहेको क्रियाकलापबारे जानकारी दिई यसका सबै चरणमा सहयोग गर्न सबैलाई आग्रह गर्ने,

आ. यस सम्बन्धि जानकारी स्थानीय पत्रपत्रिका, एफ.एम, टेलिभिजन तथा सामाजिक सञ्जालका माध्यमहरूबाट प्रचार प्रसार गर्ने,

इ. नगर क्षेत्रमा कार्यरत डकर्मीहरूलाई मापदण्ड बमोजिमका चर्पी, सेप्टिक ट्याङ्क जस्ता संरचना बनाउन आवश्यक सीप विकास तालिम दिने,

ई. स्थानीय युवा क्लब, समुदायमा आधारित संस्थाहरूलाई दिसाजन्य लेदो व्यवस्थापनका विविध पक्षमा प्रशिक्षक प्रशिक्षण (ToT) दिने,

उ. नगरपालिकाको वेबसाइट, छापा माध्यम, श्रव्यदृश्य सामग्री, मोबाइल एप, सामाजिक सञ्जाल लगायतका उपयुक्त सञ्चार माध्यमबाट जनचेतना अभिवृद्धि हुने किसिमका सूचना तथा जानकारी प्रचार प्रसार गर्ने,

२. दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी क्रियाकलापहरूको अनुगमन, सूचना प्रवाह तथा परिच्छेद दश अनुसार गठन हुने गुनासो व्यवस्थापन लगायतका सम्पूर्ण अधिकार र दायित्वहरू नगरपालिकामा स्थापना गरिएको बेग्लै इकाइलाई सुम्पने,

३. प्रत्येक घरपरिवारबाट दिसाजन्य लेदो संकलन गरी विसर्जन वा व्यवस्थापन गर्ने प्रविधि तोक्ने, तोकिएको प्रविधिअनुसार दिसाजन्य लेदो व्यवस्थापन गर्ने प्रबन्ध मिलाउने,

४. दिसाजन्य लेदोको व्यवस्थापन सेवा नगरपालिका आफैंले उपलब्ध गर्ने गराउने भएमा सोको विधि, प्रक्रिया र शर्त तोक्ने, यदि यस कार्यमा सहकारी तथा निजी क्षेत्रलाई समेत संलग्न गराउने भएमा आधिकारिक सेवा प्रदायक तोक्ने र सञ्चालनको व्यवस्था मिलाउने,

५. सेप्टिक ट्याङ्क खालि गरी ढुवानी गर्ने सेवा प्रदायकहरूले सो कार्य वापत लिन पाउने शुल्क निर्धारण गर्ने, यदि कुनै सेवा प्रदायकबाट तोकिएभन्दा बढी शुल्क लिएको पाइएमा निजबाट बढी लिए जति शुल्क फिर्ता गर्न लगाई सो रकम बराबर जरिवाना गर्ने, सेवा प्रदायकले पटक पटक यस्तो

गरेको पाइएमा निजलाई सेवा प्रदायकको जिम्मेवारीबाट हटाउनेसम्म गर्ने,

६. दिसाजन्य लेदोको व्यवस्थापन कार्यमा अटेर गर्नेलाई नगरपालिकाले उपलब्ध गराउने विभिन्न किसिमका सिफारिस, खानेपानी, बिजुली बत्ती जस्ता राज्यले दिने सेवाबाट वञ्चित गर्ने अधिकारबारे सार्वजनिक सूचना मार्फत जानकारी दिने,

७. दिसाजन्य लेदोको व्यवस्थापन कार्यमा कसैको केही गुनासो भएमा त्यसको संबोधन गर्नका लागि नगरपालिका तहमा बेग्लै गुनासो संबोधन संयन्त्र स्थापना गर्ने,

८. दिसाजन्य लेदोको उचित व्यवस्थापनका लागि आवश्यक पर्ने यन्त्र, मेसिनरी तथा औजारको गुणस्तर र क्षमता तोक्ने तथा ढुवानीको साधन व्यबस्थापन गर्ने, व्यवस्थापन स्थल तोक्ने र प्रबन्ध गर्ने गराउने,

९. दिसाजन्य लेदोको उचित व्यवस्थापनमा अति विपन्न वर्गका व्यक्तिहरूलाई समेत सामेल गराई यो सेवालाई शत प्रतिशत बनाउन आवश्यकता अनुसार चर्पी तथा सेप्टिक ट्याङ्क निर्माण अनुदान, सेवा शुल्कमा छुट जस्ता अनुदान, छुट, सुविधा उपलब्ध गराउने,

१०. कसैले आफ्नो स्वामित्वमा रहेको घर, टहरा वा संरचनाको बिक्री वितरण वा स्वामित्व हन्तान्तरण गर्नु अघि स्वामित्व हस्तान्तरण हुने घर, टहरा वा संरचनामा यो विनियममा तोकिएबमोजिमको दिसाजन्य लेदोको व्यवस्थापन गर्नका लागि चाहिने चर्पी, सेप्टिक ट्याङ्क आदि संरचना बनाउन लगाउने र त्यस्ता संरचना बनाइसकेपछि मात्र स्वामित्व हस्तान्तरणका सिलसिलामा नगरपालिकाले दिने सिफारिस लगायतका सुबिधा उपलब्ध गराउने,

११. दिसाजन्य लेदो व्यवस्थापन कार्यमा भएका आयव्ययको दुरुस्त हिसाब राख्ने,

१२. दिसाजन्य लेदो व्यवस्थापनका प्रक्रियाहरूको जानकारी लिन अवलोकन भ्रमणमा आउने विद्यार्थीहरू, अनुसन्धाता, अध्येता, अन्य पालिकाका प्रतिनिधिहरू तथा अन्तर्देशीय प्रतिनिधिहरूबाट निश्चित सेवा शुल्क लिएर सम्पूर्ण प्रक्रियाहरूको जानकारी दिनुपर्नेछ। यस क्रममा उनीहरूबाट प्राप्त सुझाव तथा सल्लाहलाई लिपिबद्ध गरी राख्नुपर्नेछ,

१३. दिसाजन्य लेदो व्यवस्थापनमा आविष्कार र अवलम्बन भएका नयाँ प्रविधिहरूको अध्ययन गरी त्यसको कार्यान्वयनमा जोड दिने,







१४. दिसाजन्य लेदो व्यवस्थापनका घर-घरदेखि प्रशोधन स्थलसम्म भइरहेका क्रियाकलापहरूको नियमित र प्रभावकारी अनुगमन गर्ने,

१५. दिसाजन्य लेदो प्रशोधनबाट उत्पादित प्राङ्गारिक मलको उपयोग बढाउन तथा बजारीकरण गर्न किसान समूह, सर्वसाधारण व्यक्ति, नर्सरी सञ्चालकहरू, कृषि कार्यालय, विद्यार्थीहरूसँग समन्वयात्मक ढङ्गले काम गर्ने,

१६. दिसाजन्य लेदो प्रशोधनबाट निस्केका पुनः प्रयोगमा नआउने अवशेषहरूलाई सुरक्षित किसिमले व्यवस्थापन गर्ने ।

(ग) सेवाप्रदायकका काम, कर्तव्य र अधिकारः

१. सेवाग्राहीहरूलाई गुणस्तरीय सेवा प्रदान गर्नुपर्नेछ

२. सेवाप्रदायकले दिसाजन्य लेदो प्रशोधन, सरसफाइ र व्यवस्थापनका प्रत्येक चरणमा जनस्वास्थ्य र वातावरणीय स्वच्छतालाई विशेष ध्यान दिनुपर्नेछ

३. सेवाप्रदायकले दिसाजन्य लेदो प्रशोधन, सरसफाइ र व्यवस्थापनमा संलग्न हुने मानिसहरूको काम गर्दा स्वास्थ्य तथा सुरक्षाको उचित प्रबन्ध गर्नुपर्नेछ। सो क्रममा नेपाल सरकार वा नगरपालिकाले तोकेका मापदण्डहरु पालन गर्नुपर्नेछ

४. सरसफाइमा संलग्न हुने जनशक्तिको जीवनबीमा र दुर्घटना बीमाको प्रबन्ध गर्नु पर्नेछ

५. दिसाजन्य लेदो प्रशोधन गर्ने क्रममा उत्पादित प्राङ्गारिक मलको बजारीकरण गर्नुपर्नेछ

६. नगरपालिका, प्रदेश सरकार तथा संघीय सरकारले जारी गरेका नीति, नियम तथा निर्देशनहरूको पालना गर्नुपर्नेछ ।

## परिच्छेद नौ

## सेवाको शर्त, इजाजत, शुल्क र सेवाको प्रकार सम्बन्धी व्यवस्था

**१०. दिसाजन्य लेदो व्यवस्थापनका लागि यस विनियमले देहायबमोजिमका सेवाप्रदायकहरूको पहिचान गरेकोछः**

अ. नगरपालिका स्वयंद्वारा प्रदान गरिएको सेवा,

आ. उपभोक्ता समूहहरूको संस्थाद्वारा प्रदान गरिएको सेवा,

इ. नगरपालिका र उपभोक्ता संस्थाको सहकार्यमा प्रदान गरिएको सेवा,

ई. निजी क्षेत्रका सेवा प्रदायकबाट प्रदान गरिएको सेवा,

उ. नगरपालिका र निजी क्षेत्रका सेवा प्रदायकको सहकार्यमा प्रदान गरिएको सेवा,

ऊ नगरपालिका, सेवा प्रदायक र उपभोक्ता संस्थाको त्रिपक्षीय सहकार्यमा प्रदान गरिएको सेवा,

ए. गैरसरकारी, सहकारी वा समुदायमा आधारित संस्थाबाट सहकार्यमा प्रदान गरिएको सेवा।

द्रष्टब्य : नगरपालिकाले दिसाजन्य लेदो व्यवस्थापन गर्न सेवा प्रदायहरुका लागि सार्वजनिक आह्वान गर्नुपूर्व नै कानुनबमोजिम स्थापित संगठित संस्था मात्र सेवा प्रदायक हुन पाउनेछन् ।

११. नगरपालिकाले दिसाजन्य लेदो व्यवस्थापन गर्न इच्छुक सेवाप्रदायकका लागि निश्चित शर्तहरू निर्धारण गरी सार्वजनिक आह्वान गर्न सक्नेछ ।

१२. दफा (११) बमोजिमको सार्वजनिक आह्वान अनुरूप सेवा सञ्चालनको इजाजत लिन चाहने व्यवसायीसँग दिसाजन्य लेदो व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने अनुभव, ज्ञान, प्राविधिक, आर्थिक तथा व्यवस्थापकीय क्षमता, आधुनिक यन्त्र, औजार तथा मानव संसाधन हुनु अनिवार्य हुनेछ ।

१३. दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धि सेवा सञ्चालन गर्न चाहने सेवाप्रदायकले अनुसूची ४ मा दिइएको इजाजतका लागि पेश गर्नुपर्ने निवेदनको ढाँचामा दफा (१२) मा उल्लेख गरिए अनुसारको दिसाजन्य लेदो व्यवस्थापन गर्ने सेवा सञ्चालनसम्बन्धि अनुभव, ज्ञान, प्राविधिक, आर्थिक तथा व्यवस्थापकीय क्षमता, आधुनिक यन्त्र, औजार तथा मानव संसाधन सहितको व्यहोरा उल्लेख गरी प्रस्ताव समेत संलग्न गरी निवेदन दिनुपर्नेछ ।

१४. दफा (११) अनुरूपको आह्वान तथा उपदफा (१२) अनुरूपका विशेषताहरूका आधारमा नगरपालिकाले रीत र प्रक्रिया पुऱ्याई एकभन्दा बढी निवेदन दर्ता हुन आएमा निवेदन र प्रस्ताव उपर छानबीन गरी सबैभन्दा बढी बोलकबोल गर्ने व्यवसायीलाई निजको अनुभव, प्राविधिक, व्यवस्थापकीय तथा आर्थिक क्षमता समेतको मूल्याङ्कन गरी सेवाप्रदायकको भूमिकाको इजाजत दिनुपर्नेछ ।

१५. दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धि सेवा प्रदायकमा छनोट भएको सेवा प्रदायकले अनुसूची ५ मा तोकिएबमोजिमका शर्तहरूको अधीनमा रही सेवा सञ्चालन गर्नुपर्नेछ ।

१६. यस विनियममा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका आफैंले त्यस्तो सेवा प्रदान गरेको अवस्थामा नगरपालिकाको हकमा उक्त प्रावधान लागू हुने छैन ।







## परिच्छेद दश

## समितिको गठन तथा सेवा शुल्क सम्बन्धि व्यवस्था

१७. **दिसाजन्य लेदो व्यवस्थापन समिति** : दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धि कार्यलाई सुचारु रूपमा अघि बढाउँन देहायबमोजिमको दिसाजन्य लेदो व्यवस्थापन समिति गठन गरिनेछ:

अ. नगरप्रमुख - अध्यक्ष

आ. उपप्रमुख -सदस्य

इ. सम्पूर्ण वडाका वडाध्यक्ष - सदस्य

ई. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

उ. खानेपानी, सरसफाई तथा वातावरण शाखा प्रमुख - सदस्य सचिव

ऊ. कार्यपालिकाका १ जना महिला र १ जना समावेशी वर्गबाट - सदस्य

ए. नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका प्रतिनिधि - सदस्य

ऐ. नगरपालिकामा अवस्थित खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघका अध्यक्ष - सदस्य

१८. **दफा (१७) बमोजिम गठित समितिको देहायबमोजिमको काम, कर्तब्य र अधिकार हुनेछः**

अ. दिसाजन्य लेदो व्यवस्थापनको कार्यलाई दिगो र प्रभावकारी बनाउन जनचेतनामूलक कार्यक्रमहरूको पहिचान गर्ने,

आ. इजाजतपत्रका शर्तहरु तोक्ने,

इ. सेवा शुल्क तथा जरिवाना निर्धारणको सिफारिस गर्ने,

ई. सेवाग्राहीहरुलाई निजको सम्पन्नता स्तरीकरणका आधारमा सेवा शुल्कमा दिने छुटको सिफारिस गर्ने,

उ. यो विनियमबमोजिमको व्यवस्था कार्यान्वयन, सहजीकरण र दैनिक कामकारबाहीको रेखदेख गर्ने,

ऊ. नगरपालिकामा दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी छुट्टै इकाई खडा गरी अधिकृतस्तरको कर्मचारीलाई विनियम अन्तर्गतको कार्यसम्पादनको जिम्मेवारी प्रदान गर्ने,

१९. नगरपालिकाले आफ्नो नगरक्षेत्रमा दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धी सेवा सञ्चालनका लागि समितिको सिफारिसको आधारमा सेवा शुल्क तोक्न सक्नेछ ।

२०. यस्तो शुल्क नगरपालिका वा इजाजत प्राप्त सेवा प्रदायकले साबिकमा उठाउँदै आएको फोहोरमैला व्यवस्थापनको अङ्ग हुनेछैन ।

**२१. दिसाजन्य लेदो व्यस्थापन बापतको शुल्क निर्धारणका आधारहरू देहायबमोजिम हुनेछन् :**

अ. चर्पी प्रयोगकर्ताको संख्या,

आ. प्रशोधन केन्द्रसम्मको दूरी,

इ. सेवाग्राहीको प्रकार (घर, व्यापारिक प्रतिष्ठान, विद्यालय, कलेज, सार्वजनिक सरोकारका निकायहरू),

ई. मानिसको आर्थिक अवस्था (अति विपन्न वर्गहरूलाई नगरपालिका वा नगरपालिकाबाट इजाजतप्राप्त सेवा प्रदायकले शुल्कमा छुट दिनुपर्नेछ),

उ. तत्काल विकसित भएको अन्य परिस्थिति,

## परिच्छेद एघार
## गुनासो व्यवस्थापन :

२२. दिसाजन्य लेदो व्यवस्थापनका कुनैपनि चरणमा सेवाग्राही, सेवाप्रदायक, सर्वसाधारण नागरिक, नगरक्षेत्रमा कार्यरत संघसंस्था वा अन्य सरोकारवालाहरूको कुनैपनि गुनासो भएमा त्यसलाई दिसाजन्य लेदो व्यवस्थापनको जिम्मेवारी निर्वाह गरिने शाखामा दर्ता गर्न सकिनेछ ।

(क) गुनासो टिप्नका लागि टोल फ्री नम्बर टेलिफोन वा मोबाइल एपको व्यवस्था गरी त्यसको जानकारी सेवाग्राहीहरूलाई दिन सकिनेछ ।

२३. दफा (२२) बमोजिम प्राप्त गुनासोको सम्बोधन १० दिनभित्र गरिसक्नुपर्नेछ ।

२४. आफ्नो गुनासो उपर चित्त नबुझेमा उजुरीकर्ताले उपप्रमुखको अध्यक्षतामा गठन भएको न्यायिक समितिमा पुनरावेदन दिन सक्नेछन् ।

२५. दफा (२५) बमोजिम प्राप्त पुनरावेदन उपर न्यायिक समितिले यथाशीघ्र निर्णय गरी सो निर्णयको कार्यान्वयन गराउने आदेश दिन सक्नेछ ।

२६. दफा (२५) बमोजिम न्यायिक समितिले गरेको निर्णयमा समेत चित्त नबुझेमा उजुरीकर्ता न्यायिक उपचारका लागि न्याय सम्पादन गर्ने अन्य निकाय समक्ष जान सक्नेछन् ।







## परिच्छेद बाह्र
## जरिवाना तथा सजाय

**२७. देहायबमोजिमको अवस्थामा यो विनियमको व्यवस्था बर्खिलाफ गरेको मानिनेछः**

(क) दिसाजन्य लेदो व्यवस्थापनको कुनैपनि चरणको गर्ने जिम्मेवारी अरुलाई दिएको वा उप-ठेक्का दिएको पाइएमा,

(ख) दिसाजन्य लेदो व्यवस्थापनको कुनैपनि चरणको काममा अदक्ष व्यक्ति लगाएको अवस्थामा,

(ग) दिसाजन्य लेदोलाई प्रशोधन केन्द्र बाहेक अन्य ठाउँमा निष्काशन वा विसर्जन गरेमा,

(घ) खुल्ला ठाउँमा दिसापिसाब गरेमा,

(ङ) आफ्नो घर, कार्यालय तथा कार्यस्थलमा मापदण्ड बमोजिमको चर्पी तथा सेप्टिक ट्याङ्क नबनाएको पाइएमा,

(च) सेवाप्रदायकले दिसाजन्य लेदो व्यवस्थापनमा संलग्न कामदारहरूलाई तोकिएबमोजिमको सुरक्षा उपकरण (मास्क, पञ्जा, बुट, एप्रोन) उपलब्ध नगराएमा तथा कामदारहरूले कामका दौरान उपलब्ध सुरक्षा उपकरणको उपयोग नगरेमा,

(छ) सेप्टिक ट्याङ्क सफा गर्ने क्रममा आंशिक रूपमा मात्र गरेमा वा पर्याप्त मात्रामा सफा नगरेमा वा उचित तवरले नगरेमा वा ढुवानीका क्रममा पर्याप्त सावधानी एवम् सुरक्षा प्रबन्ध नगरेमा,

(ज) दिसाजन्य लेदो व्यवस्थापनको कुनैपनि चरणको कामलाई अवरोध पुऱ्याएमा,

**२८. दफा (२७) ले निर्धारण गरेका कसुरहरू उपर देहायबमोजिम जरिवाना हुनेछः**

(क) दफा २७ (क) बमोजिमको कसुर गरेमा त्यस्तो सेवा प्रदायकलाई दश हजार रुपैयाँसम्म जरिवाना वा सेवा प्रदायकको भूमिका समेत रद्ध गर्न सकिनेछ,

(ख) दफा २७ (ख) बमोजिमको कसुर गरेमा एक हजार रुपैयाँसम्म जरिवाना हुनेछ,

(ग) दफा २७ (ग) बमोजिमको कसुर गरेमा पाँचसय देखि दशहजार रुपैयाँसम्म जरिवाना हुनेछ,

अ. व्यक्ति/घरधुरीको हकमा पाँच सयदेखि एक हजार रुपैयाँसम्म,

आ. व्यापारिक संस्थान, संघसंस्था वा निकायको हकमा दुई हजार पाँच सय देखि पाँच हजार रुपैयाँसम्म,

इ. सेवाप्रदायकको हकमा पाँच हजारदेखि दशक हजार रुपैयाँसम्म वा इजाजत लिँदा दिँदाका सर्तअनुसार,

(घ) दफा २७ (घ) बमोजिमको कसुर गरेमा एकसय देखि पाँचसय रुपैयाँसम्म जरिवाना हुनेछ,

(ङ) दफा २७ (ङ) बमोजिमको कसुर गरेमा पाँचसय देखि एकहजार रुपैयाँसम्म जरिवाना हुनेछ,

(च) दफा २७ (च) बमोजिमको कसुर गरेमा एकहजार देखि दुईहजार रुपैयाँसम्म जरिवाना हुनेछ,

(छ) दफा २७ (छ) बमोजिमको कसुर गरेमा पाँचहजार देखि सातहजार रुपैयाँसम्म जरिवाना हुनेछ,

(ज) दफा २७ (ज) बमोजिमको कसुर गरेमा तीनहजार देखि पाँचहजार रुपैयाँसम्म जरिवाना हुनेछ,

२९. दफा २७ अनुसार तोकिएको जरिवाना रकम नगरपालिकाको लेखा शाखामा तोकेको समयमा बुझाई त्यसको प्रतिलिपि दिसाजन्य लेदो व्यवस्थापनको तालुकवाला इकाइमा बुझाउनुपर्नेछ ।

३०. तोकिएको जरिवाना तथा नगरपालिका वा सेवाप्रदायकलाई तिर्न, बुझाउनुपर्ने सेवा शुल्क तोकेको समयमा नबुझाएमा सरकारी बाँकीसरह असुलउपर गरिनेछ ।

३१. दफा (२७) बमोजिमको जरिवानाउपर चित्त नबुझ्ने सम्बन्धित पक्षले यस विनियमको परिच्छेद एघाह्र अनुसार गठित गुनासो संबोधन संयन्त्रमा आफूलाई जरिवाना हुनु नपर्ने ठोस तर्क सहित गुनासो दर्ता गराउनुपर्नेछ ।

## परिच्छेद तेह्र
## विविध

**३२. अनुगमन :**

(क) दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धि सेवा सञ्चालनलाई दिगो र प्रभावकारी बनाई यस विनियमको प्रस्तावनामा उल्लेख गरिएका पक्षहरूको सुनिश्चितताका लागि नगरपालिकामा देहायबमोजिको एक अनुगमन संयन्त्र रहनेछ :

अ. दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धि सेवा सञ्चालनको तालुकवाला इकाइ प्रमुख - संयोजक





दिसाजन्य लेदो ब्यबस्थापन बिनियम, २०८०

आ. नगरपालिकाका इन्जिनियर - सदस्य

इ. सरसफाईतथा वातावरण शाखा प्रमुख - सदस्य

ई. उपप्रमुख - सल्लाहकार

उ. सम्बन्धित वडाध्यक्षहरू - सल्लाहकार

**३३. सेवाप्रदायकलाई दिन सकिने सुविधा सम्बन्धी प्रावधान :**

(क) नगरपालिका क्षेत्रभित्र दिसाजन्य लेदो व्यवस्थापनसम्बन्धि सेवा दिनका लागि इजाजत प्राप्त सेवाप्रदायकलाई नगरपालिकाले देहायबमोजिमका सुविधा दिन सक्नेछः

अ) नगरपालिकासँग दिसाजन्य लेदो प्रशोधनको प्रयोजनका लागि बनाइएका टहरा, सेड, ट्यांकी जस्ता संरचना,

आ) दिसाजन्य लेदो प्रशोधनका लागि आवश्यक पर्ने स्थान,

इ) सवारी साधन तथा उपकरण

**३४. विनियमको दायरा :**

(क) नगरपालिकास्तरीय नीति तथा कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो विनियममा उल्लेख भएका प्रावधानहरू अकाट्य हुनेछन् ।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि देशको संविधान, संघीय तथा प्रादेशिक स्तरका कानुन तथा नीति नियमका हकमा उक्त प्रावधान लागू हुनेछैन ।

**३५. संशोधन र खारेजीको अधिकार :**

(क) यो विनियमको संशोधन वा कुनै दफा वा उपदफा खारेज गर्ने अधिकार नगर कार्यपालिकालाई मात्र हुनेछ ।

अनसूची १

**सरसफाई सेवा शृङ्खला (परिच्छेद तीनको दफा (४) को उपदफा (क) को 'इ' मा उल्लिखित दिसाजन्य लेदो व्यवस्थापनको सिद्धान्त तथा प्रविधिसँग सम्बन्धित)**




अनुसूची २

**सुरक्षित भण्डारण प्रविधि सम्बन्धि जानकारी (परिच्छेद पाँच को दफा (६) को उपदफा (क) सँग सम्बन्धित)**

**१. सेप्टिक ट्याङ्की**

सेप्टिक ट्याङ्की फोहोर पानी भण्डारण र प्रशोधन गर्ने दुई खण्डे आयताकार संरचना हो । सामान्यतया यसले फोहोर पानीलाई करिब ३०-४० प्रतिशत मात्र प्रशोधन गर्दछ । तसर्थ यसबाट निस्किएको लेदो वा फोहोर पानीलाई पुनः प्रशोधनको आवश्यकता पर्दछ। शौचालयबाट बगेको दिसा र फोहोर पानी सेप्टिक ट्याङ्कीमा जम्मा भएपछि दिसाजन्य लेदोमा परिणत हुन्छ । उक्त दिसाजन्य लेदोलाई नियमित रूपमा रित्याएर पुनः प्रशोधन गरी सुरक्षित विसर्जन वा पुनः प्रयोग गरिन्छ भने सेप्टिक ट्याङ्कीबाट निस्केको फोहोर पानीलाई सोकपिट मार्फत् जमिनमुनि पठाइन्छ वा ढलमार्फत् प्रशोधन केन्द्रमा लगेर पुनः प्रशोधन गरी सुरक्षित विसर्जन वा पुनः प्रयोग गरिन्छ ।

सेप्टिक ट्याङ्कीको लम्बाइ, चौडाइ भन्दा २ देखि ४ गुणा लामो हुन्छ भने गहिराई न्युनतम १.२ मिटर हुन्छ। यसको इन्लेटतिरको खण्ड दुई तिहाई र आउटलेट तिरको खण्ड एक तिहाइ हुन्छ, जसलाई "ब्याफल वाल" द्वारा छुट्याइएको हुन्छ । सोकपिट सामान्यतया १.५ मिटर गहिराइको गोलाकार खाल्डो हो । यसको गारो मौरीको घारजस्तो प्वालहरू भएको अर्थात् हनिकम्ब प्रकारको हुन्छ। खाल्डोमा जमीनको सतहसम्मै ठूल्ठूला टुक्रा वा ठूलो साइजका गिट्टी राखिएको हुन्छ ।






दिसाजन्य लेदो ब्यबस्थापन बिनियम, २०८०

**सेप्टिक ट्याङ्कका आधारभूत विशेषताहरू :**

- सेप्टिक ट्याङ्क बनाउने ठाउँको माटो कसिलो हुनुपर्दछ। माटो पुरेर समतल बनाएको ठाउँमा सेप्टिक ट्याङ्क बनाउँदा पछि संरचना भत्किएर सेप्टेज चुहिने संभावना हुन्छ ।
- सेप्टिक ट्याङ्क पानी नचुहिने तथा गन्ध नआउने किसिमको हुनुपर्दछ।
- सेप्टिक ट्याङ्क दुई खण्डे हुनुपर्दछ र ती दुई खण्डमध्ये एउटाको क्षमता एक तिहाई र अर्कोको क्षमता दुई तिहाई हुनुपर्दछ ।
- ठूलो (दुई तिहाई) क्षमताको खण्ड इन्लेटतिर र सानो (एक तिहाई) क्षमताको खण्ड आउटलेटतिर हुनुपर्दछ।
- सेप्टिक ट्याङ्कबाट निस्किने फोहोर पानी विसर्जनका लागि सोकपिटको व्यवस्था हुनुपर्दछ ।
- सेप्टिक ट्याङ्कभित्रको फोहोरपानीको उचाइ न्यूनतम १.४ मि. र अधिकतम २.२ मि. हुनुपर्दछ।
- सेप्टिक ट्याङ्कको न्यूनतम चौडाइ त्यसभित्रको फोहोरपानीको उचाइसँग बराबर हुनुपर्दछ ।
- सेप्टिक ट्याङ्कको लम्बाइ त्यसको चौडाइको २ देखि ४ गुणा हुनुपर्दछ।
- सेप्टिक ट्याङ्कको सानो खण्डको लम्बाइ वा चौडाइ ६० से.मि. भन्दा कम हुनुहुँदैन। यसो भएमा निर्माण वा मर्मतको क्रममा वा खाली गर्ने क्रममा कामदारहरू प्रवेश गर्न सक्दैनन् ।
- इन्लेट र आउटलेट पाइपको न्यूनतम साइज १० से.मि. व्यासको हुनुपर्दछ।
- ब्याफल वालमा लगाइने निकास पाइपको न्यूनतम साइज ७.५ से.मि. व्यासको हुनुपर्दछ ।
- इन्लेट र आउटलेटको सेप्टिक ट्याङ्कभित्रको भागमा अंग्रेजी अक्षरको "T" आकारको बेण्ड राखी डाउन पाइप हाल्नु पर्दछ। उक्त डाउन पाइप कम्तिमा ५० से.मि. पानीमा डुबेको हुनुपर्दछ भने पानीको सतहभन्दा ३० से.मि. माथि उठेको हुनुपर्दछ।
- फ्रिबोर्डको न्यूनतम उचाइ ३० से.मि. हुनुपर्दछ तर इन्लेट नै गहिरो भएको अवस्थामा फ्रिबोर्डको उचाइ आवश्यकता अनुसार बढाइन्छ ।
- सेप्टिक ट्याङ्कभित्र उत्पादन हुने विषालु एवम् दुर्गन्धित ग्यासको सुरक्षित निकासको लागि भेन्ट पाइपको व्यवस्था गर्नुपर्दछ। भेन्ट पाइप जमीन सतहभन्दा २ मिटर माथि उठेको हुनुपर्दछ र यसको व्यास कम्तिमा ७५ मिलिमिटर हुनुपर्दछ।

- फोहोरपानीको मात्रा डिजाइन क्षमता भन्दा घटीबढी भएमा सेप्टिक ट्याङ्कले राम्ररी कार्य गर्न सक्दैन ।
- विभिन्न प्रकारका रसायन, एसिड, क्लोरिन, डिटरजेन्ट जस्ता चर्पी सफा गर्ने रसायनहरूले ब्याक्टेरिया मार्ने हुँदा यस्ता वस्तु सेप्टिक ट्याङ्कमा पर्न दिनु हुँदैन ।
- डिजाइन अवधिका आधारमा सेप्टिक ट्याङ्कलाई नियमित रूपले खाली वा सफा गर्नुपर्दछ ।
- सोकपिट खानेपानीको स्रोतभन्दा कम्तिमा १५ मिटर टाढा हुनुपर्दछ ।

**एन्फो २०२०/सेप्टिक ट्याङ्क डिजाइन म्यानुअल २०७७ बाट उदृतसेप्टिक ट्याङ्कीको प्लान**




**सेप्टिक ट्याङ्कीको साइज :**

सेप्टिक ट्याङ्कीको साइज मुलतः प्रयोगकर्ताको संख्या, प्रयोग हुने पानीको मात्रा (Water Consumption), रित्याउने अवधि (Desludging Period) र पानी धारण समय (Hydraulic Retention Time) मा भर पर्दछ । सामान्यतयाः सेप्टिक ट्याङ्कीको डिजाइनको लागि प्रयोग हुने पानीको मात्रा १०० लिटर प्रतिव्यक्ति







प्रतिदिन, रित्याउने अवधि दुई वर्ष र पानी धारण समय २४ घण्टाको आधारमा प्रयोगकर्ताको संख्या अनुसार आवश्यक पर्ने सेप्टिक ट्याङ्कीको साइजलाई तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १ :** पहाडी क्षेत्रका लागि आवश्यक सेप्टिक् ट्याङ्कीको न्यूनतम साइज

| पहाडी क्षेत्र | प्रयोगकर्ताको संख्या | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ५ | १० | १५ | २० | २५ | ५० | ७५ | १०० | १५० | २०० | २५० | ३०० |
| लम्बाई (पहिलो खण्ड), मी. | ०.९ | १.३ | १.५ | १.८ | १.९ | २.४ | ३.० | २.९ | ३.६ | ४.१ | ४.७ | ५.३ |
| लम्बाई (दोस्रो खण्ड), मी. | ०.५ | ०.७ | ०.८ | ०.९ | ०.९ | १.२ | १.५ | १.५ | १.८ | २.१ | २.३ | २.७ |
| चौडाई (b), मी. | ०.७ | १.० | १.२ | १.३ | १.४ | १.८ | २.२ | २.२ | २.७ | ३.१ | ३.५ | ४.० |
| उचाई/गहिराई (h), मी. | १.४ | १.४ | १.४ | १.४ | १.५ | १.५ | १.५ | २.० | २.० | २.० | २.० | २.० |
| **कुल मात्रा (m3)** | **१.४** | **२.८** | **३.९** | **४.९** | **५.९** | **९.७** | **१४.९** | **१९.४** | **२९.२** | **३८.४** | **४९.०** | **६४.०** |

**तालिका २ :** ईंटा प्रयोग गरेर सेप्टिक ट्याङ्की निर्माण गर्नचाहिने सामग्री, जनशक्ति र परिमाण

| इँटा प्रयोग गरेर बनाइने संरचनाका लागि | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | सामग्री र जनशक्ति | एकाई | प्रयोग गर्ने व्यक्तिकोसंख्या | | | | | | | | | | | |
| | | | ५ | १० | १५ | २० | २५ | ५० | ७५ | १०० | १५० | २०० | २५० | ३०० |
| १ | इँटा | संख्या | ८६३ | १,२०६ | २,५४४ | २,९२३ | ३,२९१ | ४,५८६ | ५,७६३ | ६,७७३ | ८,६७६ | १०,१५१ | १५,५२१ | १८,०२९ |
| २ | सिमेन्ट | बोरा | ८ | १२ | २० | २३ | २६ | ४१ | ५४ | ५९ | ८६ | १०४ | १४३ | १७२ |
| ३ | बालुवा | घ.मी. | १ | २ | ३ | ३ | ३.३ | ५ | ७ | ७ | १० | १२ | १७ | २० |
| ४ | गिट्टी | घ.मी. | १ | १ | १ | २ | १.७ | ३ | ४ | ४ | ७ | ९ | १२ | १५ |
| ५ | डण्डी | के.जी. | ३० | ५१ | ८२ | १०१ | ११२ | ४३३ | ६०६ | ५८८ | ९४३ | १,१९२ | १,५९१ | १,९९३ |
| ६ | फर्मा | व.मी. | १.६ | २.९ | ३.७ | ४.७ | ५.३ | ९ | १२.८ | १२.४ | १८.२ | २३.२ | २९.१ | ३७.२ |
| ७ | पाइप र फिटिङ | मी. | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ |
| ८ | डकर्मी | संख्या | ६ | ८ | १३ | १५ | १७ | २७ | ३५ | ३९ | ५४ | ६५ | ८९ | १०६ |
| ९ | ज्यामी | संख्या | १२ | १९ | ३० | ३६ | ४१ | ६५ | ८७ | ९८ | १४३ | १७५ | २३७ | २८९ |

**तालिका ३ :** ढलानको संरचनामा सेप्टिक ट्याङ्की निर्माणगर्न चाहिने सामग्री, जनशक्ति र परिमाण

| ढलान संरचनाका लागि | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | सामग्री र जनशक्ति | एकाई | प्रयोग गर्ने व्यक्तिको संख्या | | | | | | | | | | | |
| | | | ५ | १० | १५ | २० | २५ | ५० | ७५ | १०० | १५० | २०० | २५० | ३०० |
| १ | इँटा | संख्या | २०८ | ३५४ | ४४२ | ५८४ | ६५१ | १,००० | १,४६८ | १,४३८ | २,२७६ | २,८६९ | ३,५३१ | ४,४५५ |
| २ | सिमेन्ट | बोरा | १२ | १८ | २१ | २८ | ३१ | ४२ | ६० | ७० | १२० | १४४ | १६८ | २०२ |
| ३ | बालुवा | घ.मी. | १.१ | १.६ | २ | २.६ | ३ | ४.० | ५.७ | ६.५ | १०.९ | १३.१ | १५.६ | १८.८ |
| ४ | गिट्टी | घ.मी. | १.३ | १.९ | २ | ३.२ | ४ | ४.८ | ७.० | ८.१ | १४.७ | १७.७ | २+०.८ | २५.१ |
| ५ | डण्डी | के.जी. | ११० | १५७ | १८४ | २५९ | २८५ | ७६६ | १,११७ | १,३२६ | २,३५६ | २,८०४ | ३,२८२ | ३,९१९ |
| ६ | फर्मा | व.मी. | १९.५ | २६.१ | ३० | ३५.१ | ४० | ५१.० | ६४.५ | ७८.३ | १००.७ | ११७.३ | १३४.५ | १५६.९ |
| ७ | पाइप र फिटिङ | मी. | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ |
| ८ | डकर्मी | संख्या | ६ | ८ | १० | १३ | १४ | २३ | ३३ | ३९ | ६३ | ७५ | ८८ | १०५ |
| ९ | ज्यामी | संख्या | १५ | २२ | २६ | ३५ | ३९ | ५९ | ८५ | १०१ | १६८ | २०४ | २४४ | २९७ |

**तालिका ४ :** ढुङ्गा प्रयोग गरेर सेप्टिक ट्याङ्की निर्माण गर्न आवश्यक सामग्री, जनशक्ति र परिमाण

| ढुङ्गाबाट बनाइने संरचनाका लागि | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | सामग्री र जनशक्ति | एकाई | प्रयोग गर्ने व्यक्तिको संख्या | | | | | | | | | | | |
| | | | ५ | १० | १५ | २० | २५ | ५० | ७५ | १०० | १५० | २०० | २५० | ३०० |
| १ | इँटा | संख्या | - | - | - | - | - | - | - | - | - | - | - | - |
| २ | ढुङ्गा | घ.मी. | ५.८ | ७.३ | ८.२ | ९.२ | १०.३ | १३.० | १५.९ | १९.१ | ३०.६ | ३५.० | ३९.६ | ४५.४ |
| ३ | सिमेन्ट | बोरा | १९ | २५ | २९ | ३३ | ३७ | ४९ | ६३ | ७० | १२५ | १४८ | १७३ | २०६ |
| ४ | बालुवा | घ.मी. | ३.४ | ४.५ | ५.१ | ५.८ | ६.५ | ८.५ | १०.७ | १२.२ | २०.४ | २३.९ | २७.६ | ३२.५ |
| ५ | गिट्टी | घ.मी. | ०.९ | १.४ | १.७ | २.० | २.२ | ३.१ | ४.३ | ४.१ | ९.० | ११.० | १३.३ | १६.७ |
| ६ | डण्डी | के.जी. | ६१ | ९२ | १०९ | १३० | १४४ | ४०८ | ५५७ | ५४२ | १,१८१ | १,४५७ | १,७६२ | २,१८५ |
| ७ | फर्मा | व.मी. | २.१ | ३.४ | ४.१ | ५.१ | ५.८ | ८.६ | १२.४ | १२.० | १९.१ | २४.३ | ३०.१ | ३८.३ |
| ८ | पाइप र फिटिङ | मी. | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ |
| ९ | डकर्मी | संख्या | १२ | १६ | १८ | २१ | २३ | ३३ | ४२ | ४८ | ७९ | ९३ | १०८ | १२७ |
| १० | ज्यामी | संख्या | ४० | ५२ | ६० | ६९ | ७८ | १०४ | १३३ | १५७ | २६२ | ३१० | ३६० | ४२८ |








## २. दुई खाल्डे शौचालय

दुई खाल्डे शौचालय दिसाजन्य पदार्थको सुरक्षित भण्डारण गर्ने सरल प्रविधि हो। यस प्रविधिमा दुई खाल्डो भएको हुनाले एक खाल्डोमा भन्डारण गरिएको लेदो वा फोहोर पानी भरिए पछि अर्को खाल्डोको प्रयोग गरिन्छ र खाल्डोमा रहेको दिसाजन्य लेदो कुहिएपछि त्यसलाई मलको रूपमा प्रयोग गर्न सकिनेछ।







### दुई खाल्डे चर्पी निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू

- दुई खाल्डाहरू एक आपसमा समानान्तर रूपमा जडान गर्नुपर्दछ।
- एक खाल्डो देखि अर्कोको दूरी कम्तिमा १ मिटर हुनुपर्दछ।
- खाल्डो भित्रको गहिराई ४ रिङ भन्दा बढी हुनुहुँदैन।
- भूमिगत पानीको प्रयोग गरिने ठाउँमा यस्तो खाले शौचालय निर्माण गर्दा पानीको स्रोत भन्दा कम्तिमा ३३ फिट टाढा निर्माण गर्नुपर्दछ।

**तालिका ५:** दुई खाल्डे चर्पी निर्माणका लागी आवश्यक निर्माण सामग्री, जनशक्ति र त्यसको परिमाण (प्यान लेभल सम्म)

| क्र.सं. | सामग्री तथा जनशक्ति | एकाई | परिमाण |
|---|---|---|---|
| १ | कङ्क्रिट रिङ (३२"x१६" | थान | ६ |
| २ | रिङको ढक्कन | थान | २ |
| ३ | सिमेन्ट | ५०केजी बोरा | २ |
| ४ | बालुवा | सिमेन्ट बोरा | १० |
| ५ | गिट्टी | सिमेन्ट बोरा | ३ |
| ६ | इँटा | थान | २८० |
| ७ | प्यान (साइफन सहित) | सेट | १ |
| ८ | HDPE पाइप ४" | फीट | १० |
| ९ | HDPE टी वा वाई ४" | थान | १ |
| १० | मिस्त्री | दिन | २ |
| ११ | श्रमिक | दिन | ४ |




बायोग्यास रियाक्टर अक्सिजनरहित प्रशोधन प्रविधि हो । जसबाट बायोग्यास र लेदो मल (Slurry) उत्पादन हुन्छ । लेदोमललाई कम्पोष्ट र बायोग्यासलाई उर्जाको रूपमा प्रयोग गर्न सकिन्छ । बायोग्यास मिथेन, कार्बनडाइअक्साइड र अन्य ग्यासहरूको समिश्रण हो र यसलाई बिजुली, प्रकाश र तापमा रुपान्तरण गर्न सकिन्छ ।

बायोग्यास रियाक्टर गुम्बज आकारको च्याम्बर हो । जसभित्र संकलित कालोपानी, लेदो र कुहिने फोहोर अक्सिजनरहित पाचन प्रक्रिया मार्फत कुहिएर बायोग्यास उत्पादन हुन्छ । बायोग्यास रियाक्टरभित्र उत्पादित बायोग्यास संकलन गर्न डोम (Dome) को व्यवस्था गरिएको हुन्छ । सामान्यतयाः यो प्रविधि जमीन सतहमुनि निर्माण गरिन्छ भने यसलाई जमीन सतहमाथि पनि निर्माण गर्न सकिन्छ । प्लाष्टिक ट्याङ्की, ईंटा वा ढुङ्गा जस्ता सामग्रीको प्रयोग गरेर यसको निर्माण गर्न सकिन्छ ।

बायोग्यास रियाक्टर सम्बन्धि मुख्य जानकारी :

- बायोग्यास रियाक्टरको प्रभावकारिता जैविक फोहोरको मात्रा र फोहोर पानीको भण्डारण अवधिमा भर पर्दछ । न्यानो वा गर्मी हावापानी भएको स्थानको लागि उक्त अवधि १५ दिन र चिसो हावापानी भएको स्थानको लागि २५ दिन हुनुपर्दछ । त्यसैगरी हानिकारक कीटाणु/जीवाणु अत्यधिक हुने फोहोर भएमा सो अवधि ६० दिन हुनुपर्दछ ।







- साधारणतया बायोग्यास रियाक्टरको तापक्रम बढाईदैन वा बढाउन आवश्यक हुँदैन तर हानिकारक कीटाणु/जीवाणु नष्ट गर्न यसको तापक्रमलाई ५० डिग्रीभन्दा बढी राखिन्छ । तर यस्तो अभ्यास बढीजसो विकसित देशहरूमा मात्र भएको पाइन्छ ।
- फोहोर पानी वा कुहिने फोहोर बायोग्यास रियाक्टरमा प्रवेश गरेपछि जैविक वस्तुहरू टुक्रिएर ग्यास उत्पादन हुन्छ र उक्त ग्यास रियाक्टरको माथिल्लो भागमा गएर जम्मा हुन्छ ।
- बायोग्यास रियाक्टरको डोम तैरिने (ARTI) र स्थिर (Fixed) गरी दुई प्रकारको हुन्छ । स्थिर डोम बायोग्यास रियाक्टरको तल्लो भागसँग जोडेर सिमेन्ट कङ्क्रिटले ढलाई गरी निर्माण गरिन्छ भने तैरिने डोम प्लाष्टिक वा फलाम वा तन्किने वस्तुले बनाइएको हुन्छ जुन बायोग्यास रियाक्टरमा संकलन भएको फोहोर पानी वा लेदोमा तैरिएको हुन्छ ।
- बायोग्यास रियाक्टरको साइज फोहोर पानी र कुहिने फोहोरमैलाको मात्राको आधारमा १ हजार लिटरदेखि १ लाख लिटर क्षमतासम्मको बनाउन सकिन्छ । बायोग्यास घरेलु, संस्थागत र समुदायस्तरमा निर्माण गर्न सकिन्छ । नेपालमा घरेलुस्तरमा स्थिर डोम भएको जिजिसि २०४७ मोडेलको बायोग्यास रियाक्टर प्रवर्द्धन भएको छ । जसलाई गोबरग्यास प्लान्ट भनेर बढी चिनिन्छ ।
- अहिले तैरिने डोम भएको बायोग्यास पनि बनेको पाइन्छ । स्थिर डोम बायोग्यास रियाक्टरलाई फोहोरपानी र जैविक फोहोरमैला व्यवस्थापनको लागि आकर्षक विकल्पको रूपमा लिन थालिएकोछ ।

सामान्यतयाः बायोग्यास रियाक्टरलाई सेप्टिक ट्याङ्कीको विकल्पको रूपमा प्रयोग गरिन्छ । बायोग्यास रियाक्टरबाट निस्किने लेदोमा बोटबिरुवालाई आवश्यक पोषणतत्व हुने भएकोले यसलाई अत्यन्त राम्रो कम्पोष्ट मलका रूपमा लिइन्छ ।

अनुसूची ३

**व्यक्तिगत सुरक्षा उपकरण** (*परिच्छेद ५ को दफा ६ को उपदफा (च) सँग सम्बन्धित*

व्यक्तिगत सुरक्षा उपकरण (PPE) काम गर्दा हुन सक्ने स्वास्थ्य जोखिमहरूबाट बच्नका लागि प्रयोग गरिन्छ । यो दिसाजन्य लेदो व्यवस्थापनमा प्रत्यक्ष रूपमा काम गर्ने व्यक्तिहरूका लागि अपरिहार्य छ । दिसाजन्य लेदोमा हानिकारक रोगका कीटाणुहरू, विषाक्त पदार्थहरू र अन्य प्रदूषकहरू हुन सक्छन् । त्यसैले मापदण्ड बमोजिमको PPE ले यस्ता हानिकारक पदार्थहरूको जोखिमलाई कम गर्न मद्दत गर्छ । यस अन्तर्गत देहायबमोजिमका सामग्रीहरू पर्दछन् :



**१. सुरक्षा गाउन :** सफाइकर्मीहरू/कामदारहरूलाई दिसाजन्य लेदोको प्रत्यक्ष सम्पर्कबाट बच्न टिकाऊ, बलियो (रबर वा एख्र्र) बाट बनेको पूरै शरीर ढाक्ने गाउन लगाउनुपर्नेछ । शरीरको कुनैपनि अङ्ग हानिकारक पदार्थको सम्पर्कमा नआओस् भनेर यस्तो गाउनले हात र खुट्टा सहित सम्पूर्ण शरीर ढाक्नुपर्छ ।




**२. पन्जा :** दिसाजन्य लेदो व्यवस्थापनको कुनैपनि चरणको कार्य गर्दा कामदारहरूले हातमा नाइट्राइल वा रबरका पन्जाहरू जोगाउन लगाउनु पर्नेछ । पन्जाले फोहोर र हानिकारक वस्तुसँग हातको प्रत्यक्ष सम्पर्क हुन दिंदैन ।




**३. बुट:** खुट्टालाई तीखो वस्तुहरू, रासायनिक पदार्थ वा दूषित वस्तु जस्ता हानिकारक पदार्थ र तत्वहरूबाट जोगाउन स्टिलको टो क्यापसहितको बुट (गम्बुट) लगाउनुपर्छ ।



**४. हेल्मेट:** काम गर्दा टाउकोमा चोट लाग्न सक्ने भएकाले हेल्मेट लगाउनुपर्छ ।



**५. मास्क:** स्वास प्रश्वासका माध्यमबाटदिसाजन्य वस्तु नाकमुखमा नपरोस् भन्नका लागि सर्जिकल मास्क लगाउनुपर्छ । यस्तो मास्क पुनः प्रयोग गर्नुहुँदैन ।




**६. चश्मा :** आँखामा फोहोर, कीरा तथा धुलो नपरोस् भन्नका लागि अनुहारमा टम्म मिल्ने खालको चश्मा लगाउनुपर्छ ।









**७. साबुन र ह्यान्ड स्यानिटाइजर:** दिसाजन्य लेदो व्यवस्थापनमा खटिने व्यक्तिले PPE प्रयोग गर्नु अघि र पछि, साथै औजारहरू सफा गरेपछि साबुन पानीले मिचीमिची हात धुनुपर्छ र आवश्यकता अनुसार ह्याण्ड स्यानिटाइजर दल्नुपर्छ ।

अनुसूची ४

**दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धि व्यवसायसंचालन इजाजतका लागि निवेदनको ढाँचा**

**(परिच्छेद ८ को दफा १२ सँग सम्बन्धित)**

श्री नगर कार्यपालिकाको कार्यालय,
भेरीगङ्गा नगरपालिका सुर्खेत ।

**विषयः दिसाजन्य लेदो व्यवस्थापनको सेवा सञ्चालन इजाजत सम्बन्धमा**

उल्लेखित विषयका सम्बन्धमा म/हामी देहायबमोजिमको विवरण सहित भेरीगंगा नगरपालिकामा दिसाजन्य लेदो व्यवस्थापनको सेवा दर्ता, इजाजत र व्यवसाय सञ्चालन लागि अनुरोध गर्दछु/गर्दछौं ।

१. कम्पनी/फर्म/संस्थाको नाम : ..............................................
२. कम्पनी/फर्म/संस्थाको भ्याट/पान नम्बर :............................
३. निवेदकको नाम : ..................... ......................................
४. कार्यालयको ठेगाना : ...................................................................
५. टेलिफोन नम्बर : ............................
६. इमेल ठेगाना : ..........................................
७. कर्मचारीहरूको विवरणः

| क्र.सं. | कर्मचारीको पद | नाम थर | नागरिकता नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | प्रबन्धक | | | |
| २ | लेखा अधिकृत | | | |
| ३ | चालक | | | |
| ४ | सरसफाइकर्मी १ | | | |
| ५ | सरसफाइकर्मी २ | | | |
| ६ | अन्य(आवश्यकता अनुसार) | | | |

८. निवेदकको बैंक खाता सम्बन्धि विवरणः ..............................................
९. कम्पनी/फर्म/संस्थासँग भएको दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी भौतिक पूर्वाधार सम्बन्धि विवरण
   क. सवारी साधनका किसिम र संख्या
   ख. ...
   ग. ...
   (यहाँ उल्लेख गरिएको व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरेमा दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धि व्यवसाय संचालन इजाजत खारेज गरी कानुनबमोजिम कारवाही भोग्न म/हामी तयार छु/छौ ।)
१०. निवेदकको नामः ................... हस्ताक्षर ........... मिति ......................







अनुसूची ५

**दिसाजन्य लेदो व्यवस्थापनमा संलग्न सेवा प्रदायकले पालना गर्नुपर्ने शर्तहरू :**

**(परिच्छेद ८ को दफा १४ सँग सम्बन्धित)**

१. **प्रशासनिक तथा वैधानिक मापदण्डहरू** : संस्थागत संरचना तथा वैधानिक शर्तहरूसँग सम्बन्धित
   क. कानुन तथा नियमहरूको परिपालनाः सेवा प्रदायकहरूले यो विनियम सहित दिसाजन्य लेदो व्यवस्थापनको प्रयोजनका लागि लागू भएका सम्पूर्ण स्थानीय, प्रादेशिक र राष्ट्रिय कानुन तथा नियमहरूको पालना गर्नुपर्दछ ।
   ख. सेवा प्रदायक संगठित संस्था हुनुपर्दछ र प्रचलित कानुन अनुसार दर्ता तथा नवीकरण भएको हुनुपर्दछ ।
   ग. सेवा प्रदायक कालोसूची वा कुनैपनि किसिमको वैधानिक बन्देजमा परेको हुनुहुँदैन ।
   घ. सेवा प्रदायक भ्याट/प्यानमा दर्ता भएको हुनुपर्दछ र अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र हासिल गरेको हुनुपर्दछ ।
   ङ. सेवा प्रदायकले प्रयोगमा ल्याउने सवारी साधनको दर्ता किताब (ब्लु बुक) अद्यावधिक गरिएको हुनुपर्दछ ।
   च. सवारी चालकसँग सवारी चलाएको अवस्थामा सदैव अद्यावधिक गरिएको सवारी चालक अनुमति पत्र (Driving License) साथमा हुनुपर्दछ ।

२. **प्राविधिक मापदण्डहरूः** औजार तथा उपकरणहरूको प्रकार, गुणस्तर र मापदण्डहरूसँग सम्बन्धित
   क. ढुवानीका लागि भ्याकुम पम्प जडित ट्याङ्करः भण्डारण स्थलबाट सुरक्षित किसिमले दिसाजन्य लेदो निकालेर प्रशोधन स्थलसम्म लैजानका लागि सेवा प्रदायकसँग लेदो नचुहिने कम्तिमा तीन वटा भ्याकुम पम्प जडित ट्याङ्कर हुनुपर्दछ ।

३. **स्वास्थ्य र सुरक्षा सम्बन्धि मापदण्डहरूः**
   क. सेवा प्रदायकले सबै कर्मचारीहरूलाई दिसाजन्य पदार्थको सुरक्षित व्यवस्थापन प्रक्रियाहरू सम्बन्धी तालिम दिनुपर्दछ ।
   ख. व्यक्तिगत सुरक्षा उपकरणको उपयोगः सेवा प्रदायकहरूले आफ्ना कामदार र समुदायको स्वास्थ्य र सुरक्षालाई प्राथमिकता दिनुपर्दछ। सेवा प्रदायकले

दिसाजन्य लेदो व्यवस्थापनमा प्रत्यक्ष रूपमा संलग्न हुने कर्मचारी/कामदाहरूलाई अनुसूची २ मा उल्लेख भएअनुसार व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) उपलब्ध गराउनुपर्दछ ।

४. **सेप्टेज संकलन सम्बन्धि मापदण्डहरू :** दिसाजन्य लेदोको सुरक्षित संकलन र ढुवानीसँग सम्बन्धित

क. सेवा प्रदायकले सेप्टेज संकलनको कार्य गर्दा बुँदा नं ३ मा व्यवस्था भएको स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्डको पूर्णतया पालना गर्नुपर्दछ ।

ख. सेवा प्रदायकले सञ्चालन गर्ने दिसाजन्य लेदो व्यवस्थापनको प्रक्रियाले वातावरण र जनस्वास्थ्यमा हुन सक्ने असरहरूलाई प्रभावकारी रूपमा न्यूनीकरण गर्न नेपालका प्रचलित कानुन, नियम तथा विनियमले तोकेको सुरक्षा र गुणस्तर मापदण्डहरूहरू पालना गर्नुपर्दछ ।

ग. सेवा प्रदायकले सेप्टिक ट्यांक, खाल्डे चर्पी आदिको सरसफाइ गर्दा उक्त सरसफाइ कार्यको अभिलेख राख्नुपर्दछ र सो अभिलेख आवधिक रूपमा नगरपालिकाको सम्बन्धित कार्यालयमा पेश गर्नुपर्दछ ।

घ. सेप्टेज संकलन कार्य पछि सो क्षेत्रमा ब्लिचिङ पाउडर र चुना जस्ता सङ्क्रमण र गन्ध हटाउने वस्तुहरूको छर्किनु पर्दछ ।

ङ. दुर्घटना, प्राकृतिक विपत्ति, मानवीय कारण वा अन्य कुनै कारणले प्रशोधन स्थल बाहेकका ठाउँमा सेप्टेज पोखिएमा सेवा प्रदायकले अविलम्ब उक्त ठाउँको सरसफाइ गरी त्यसबाट पर्ने असरलाई हटाउन बुँदा घ मा उल्लेख भएअनुसारका सङ्क्रमण र गन्ध हटाउने वस्तुहरू छर्किनु पर्छ ।

आज्ञाले
**कृष्ण प्रसाद पोखेल**
प्रमुख प्रशासकीय अधिकृत